नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा. परिपत्र संख्या : ८/२०७६-७७** **मिति : २०७६/१२/१२**

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरु, इजाजतपत्र प्राप्त "क" वर्गका वाणिज्य बैंकहरु र राष्ट्रिय स्तरका "ख" वर्गका विकास बैंकहरु ।

**विषयः एकिकृत परिपत्र-२०७६ संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरुलाई जारी गरिएको एकिकृत परिपत्र-२०७६ मा देहाय बमोजिम संशोधन तथा थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा -१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

(क) एकीकृत परिपत्र-२०७६ को परिपत्र नं. ०१/२०७६ को दफा १.७ को उपदफा १.७.५ लाई देहाय बमोजिम संशोधन गरिएको छ :

यस्तो सटही सुविधा बढीमा एक पटकमा अमेरिकी डलर ३०,००० (तीस हजार) वा सो बरावरको परिवर्त्य विदेशी मुद्रासम्मको लागि मात्र प्रदान गर्न सकिनेछ । यसरी टि.टि. मार्फत सटही प्रदान गर्दा अमेरिकी डलर २५,००० भन्दा बढी विदेशी मुद्राको सटही उपलब्ध गराउँदा **Beneficiary** को **Business Credibility Information** लिने व्यवस्था मिलाउनु पर्ने छ । साथै, सम्बन्धित फाइलमा सोको अभिलेख राख्नुपर्नेछ ।

**तर, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभागको सिफारिशमा गरिने कोभिड-१९ सँग सम्बन्धित औषधिजन्य सामाग्रीहरु तथ स्वास्थ्य उपकरणहरु (Medical Supplies and Medical Equipments) को आयातको हकमा एउटै विजकबाट अमेरिकी डलर १,००,००० (अमेरिकी डलर एकलाख) सम्मको रकम ड्राफ्ट/टि.टि. को माध्यमबाट भुक्तानी गर्न उपर्युक्त व्यवस्थाले वाधा पुऱ्याएको मानिने छैन । साथै अमेरिकी डलर १००,००० भन्दा माथिको सटही सुविधा आवश्यक परेमा स्वास्थ्य सेवा विभागको सिफारिश सहित स्वीकृतिका लागि यस बैंक समक्ष निवेदन पेश गर्नु पर्नेछ ।**

(ख) एकीकृत परिपत्र-२०७६ को परिपत्र नं. ०१/२०७६ को दफा १.१ को उपदफा १.१.५ को (च) लाई देहाय बमोजिम संशोधन गरिएको छ :

व्यापारिक फर्मद्वारा प्रतितपत्रमार्फत गरिने आयातको हकमा प्रतितपत्र अन्तर्गत भुक्तानी पठाउनु अघि प्रतितपत्र रकम (डकुमेण्ट भ्याल्यु) को १० प्रतिशत रकम धरौटीको रुपमा लिएर मात्र वि.वि.नि. फा. नं. ४ जारी गर्नु पर्नेछ । तर, व्यापारिक फर्मबाट लिइने यस प्रकारको धरौटी लिने समय भने प्रतितपत्रमा उल्लिखित भुक्तानीको शर्त (Payment Terms) अनुसार फरक पर्न सक्ने छ । साथै, स्वास्थ्य सेवा विभागले सिफारिश गरेका कोभिड-१९ संक्रमणसँग सम्बन्धित औषधिजन्य सामाग्रीहरु तथ स्वास्थ्य उपकरणहरु (Medical Supplies and Medical Equipments) को प्रतितपत्रको माध्यमबाट पैठारी गर्दा धरौटीको रकम आवश्यक पर्ने छैन ।

भवदीय,

बमबहादुर मिश्र
(कार्यकारी निर्देशक)

बोधार्थ:

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
५. श्री नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
६. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग ।
७. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग ।
८. श्री नेपाल सरकार, भन्सार विभाग।
९. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
११. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
१२. श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय ।
१३. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
१४. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१५. श्री नेपाल बैंकर्स संघ ।
१६. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१७. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१८. श्री नेपाल उद्योग परिसंघ ।
१९. श्री नेपाल चेम्बर अफ कमर्स ।
२०. श्री सुन चाँदी व्यवसायी महासंघ ।
२१. श्री नेपाल सुनचाँदी रत्न तथा आभुषण महासंघ ।
२२. श्री नेपाल हस्तकला महासंघ ।